सुदूरपश्चिम विश्वविद्यालय

# परीक्षा नियन्त्रण कार्यालय

महेन्द्रनगर, कञ्चनपुर

## छैठौं दीक्षान्त समारोह (२०८३) मा भाग लिन फाराम भर्ने सम्बन्धी सूचना

**वि.सं. २०८१ साल फाल्गुन १९ गतेदेखि वि.सं. २०८२ चैत्र ३० गतेसम्म तदनुसार सन् २०२५ मार्च ०३ देखि सन् २०२६ अप्रिल १३ सम्ममा** सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक, स्नातकोत्तर तथा एम.फिल. तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरू र सोही अवधि भित्र विद्यावारिधि तह पूरा गर्नेहरूले मात्र भर्न पाउने ।

सुदूरपश्चिम विश्वविद्यालयद्वारा आयोजना गरिने छैठौं दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिइसकेका इच्छुक विद्यार्थीहरूले सुदूरपश्चिम विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर, कञ्चनपुरको वेवसाइट **https://convocation.fwu.edu.np** बाट मिति २०८२ चैत्र २० गते शुक्रबार देखि २०८३ साल बैशाख ०४ गते शुक्रबार सम्म निम्नानुसार रित पुर्याई आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. अनलाइन आवेदन फाराम भर्दा दिइएको निर्देशन बमोजिम भर्नु पर्नेछ ।

२. दीक्षान्त समारोहमा सहभागी हुनका लागि दीक्षान्त शुल्क तथा गाउन/स्कार्फ/टोपीको धरौटी वाफत देहाय बराबर रकम अनलाइन मार्फत भुक्तानी गर्नु पर्नेछ ।

**शुल्क विवरण**

| तह | दीक्षान्त शुल्क रु. (फिर्ता नहुने) | गाउन/स्कार्फ/टोपीको धरौटी रु. (फिर्ता हुने) | जम्मा रु. |
|---|---|---|---|
| क) स्नातक | १,५००।- | ४,०००।- | ५,५००।- |
| ख) स्नातकोत्तर | २,०००।- | ४,०००।- | ६,०००।- |
| ग) एम.फिल. | २,०००।- | ४,०००।- | ६,०००।- |
| घ) विद्यावारिधि | २,०००।- | ४,०००।- | ६,०००।- |

३. एम.आर.पि. (MRP) साइजको फोटो दुई प्रति गाउन/स्कार्फ/टोपी लिन आउँदा अनिवार्य रूपमा जमा गर्नु पर्नेछ ।

४. अभिभावक सरिक गराउने भएमा प्रति अभिभावक थप शुल्क रु. २५०।- (फिर्ता नहुने) अनलाइन मार्फत नै जमा गर्नु पर्नेछ ।

५. दीक्षान्त समारोहमा भाग लिन दीक्षान्त शुल्क तथा धरौटी दुबै अनिवार्य रूपमा बुझाउनु पर्नेछ ।

६. दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम, दीक्षान्त सम्बन्धी थप जानकारी परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट **https://www.fwuexam.edu.np** मा हेरेर वा टेलिफोन नम्बर ०९९-५२०६७१, ०९९-५२६२४३ मा सम्पर्क गरेर बुझ्न सकिनेछ ।

अनुराधा रोकाया
परीक्षा नियन्त्रक

**नोटः** मिति २०८२/१२/२० गतेदेखि २०८२/१२/३० गतेसम्म ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरूले मिति २०८३/०१/०२ गतेदेखि २०८३/०१/०४ गतेसम्म आवेदन फाराम भर्न सकिनेछ ।

# छैठौं दीक्षान्त समारोहका लागि अनलाईन आवेदन फाराम भर्ने तरिका

१. सर्वप्रथम https://convocation.fwu.edu.np वेवसाइट खोल्ने ।

२. रजिष्ट्रेशन नम्बर लेखेको बक्समा आफ्नो रजिष्ट्रेशन नम्बर लेखेर चेक गर्नुहोस भन्ने बटनमा क्लिक गर्ने ।

३. त्यसपछि अगाडि बडनुहोस भन्ने बटनमा क्लिक गर्ने ।

४. त्यसपछि अभिभावक साथमा ल्याउने भएमा जति अभिभावक साथमा ल्याउने हो त्यति अभिभावक संख्या अभिभावक संख्या छान्नुहोसको दायापट्टी रहेको Select बाट छानी तलपट्टी रहेको Submit बटनमा क्लिक गर्ने । अभिभावक साथमा नल्याउने भएमा सिधै Submit बटनमा क्लिक गर्ने ।

५. त्यसपछि **Name, Email र Phone मा आफ्नो Name, Email र Phone राखी Process Khalti मा क्लिक गर्ने ।**

६. त्यसपछि **Khalti को User ID र Password राखी** Submit बटनमा क्लिक गरी शुल्क भुक्तानी गर्ने ।

७. त्यसपछि दीक्षान्त फाराम खुल्छ । त्यसमा आफूले भर्न मिल्ने सम्पूर्ण विवरणहरू (आफ्नो नाम, ठेगाना र बैंक खाताको विवरण) भरेर नेपाली नागरिकताको प्रमाणपत्र र ट्रान्सक्रिप्टको PDF Copy अपलोड गरेर Submit बटनमा क्लिक गर्ने ।

८. नेपाली नाम नेपाली नागरिकताको प्रमाणपत्र बमोजिम नेपाली युनिकोड फन्टमा मात्र टाइप गर्नु पर्नेछ ।

९. बैंक खाता मार्फत धरौटी रकम फिर्ता गरिने भएकाले बैंक खाता नम्बर, बैंकको नाम र बैंक खाताको नाम विद्यार्थीको आफ्नो मात्र भर्नु पर्नेछ ।

१०. नागरिकताको Scan Copy को साइज 400 KB भन्दा सानो बनाउने ।

११. ट्रान्सक्रिप्टको Scan Copy को साइज 1 MB (1024 KB) भन्दा सानो बनाउने ।